# जीतपुरसिमरा उपमहानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
जीतपुर, बारा
२ नं. प्रदेश, नेपाल

## आ.व. २०७५/०७६ को आन्तरिक आय ठेक्का बन्दोबस्त सम्बन्धी सूचना
*प्रथम पटक प्रकाशित मिति २०७५/०२/२१*

स्थानीय सरकार संचाचलन ऐन २०७४ को परिच्छेद ९ बमोजिम यस नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने विभिन्न आय शिर्षकहरुमा आ.व.२०७५/०७६ को लागि ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकोले ईच्छुक प्यानमा दर्ता ब्यक्ति, फर्म वा कम्पनीहरुबाट आफ्नो फर्मको नविकरण भएको प्रमाणपत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र तथा आ.ब. ०७३/०७४ को कर चुक्ताको प्रमाणित प्रतिलिपिहरुका साथै निम्न शर्तहरुका अधिनमा रही तपशिल बमोजिमको मिति, समय र स्थानमा छुट्टाछुट्टै बोलपत्र खरिद गरी दाखिला गर्न यो सूचना प्रकाशित गरिएको छ।

| ठे.नं | बढाबढ हुने ठेक्काको किसिम | न्यूनतम ठेक्का अंक | बोलपत्र फारम दस्तुर | धरौटी रकम | बोलपत्र खरिद गर्ने अवधि |
|---|---|---|---|---|---|
| | स्थानीय सरकार सञ्चालन ऐन,२०७४ परिच्छेद ९ दफा ६२ को उपदफा २ को (घ) बमोजिम यस उपमहानगरपालिका क्षेत्र अन्तर्गतका निम्न सडकहरुमा चल्ने निजी तथा भाडाका सवारी साधनम देहाय बमोजिम पटके सवारी कर ( सेवा शुल्क)<br>निम्न सडकहरु :<br>सिमरा-डुमरवाना सडक, राजमार्ग-रजघट्टा सडक, टेढा-जीतपुर सडक, जितपुर-फत्तेपुर सडक, नितनपुर-बेहरा सडक, शिवशक्ति घ्यू-लोसन्डा सडक, नितनपुर-एग्रो केम सडक, त्रिवेणी सिम पैक-नेशनल हेल्थ सडक, केरा ढोकाबाट पश्चिम जाने बाटो, जैतापुर-भोडाहा-सहजनाथ, अमलेखगंज-रतनपुरी, बन्जरीया-इनर्वासिरा , भलुही सडक खण्ड । | रु. २०,००,०००/- (अक्षरुपी बिस लाख मात्र ।) | ३०००/- | कबोल अंकको ५% | ३० दिन भित्र |
| २. | स्थानीय सरकार सञ्चालन ऐन,२०७४ परिच्छेद ९ दफा ६० बमोजिम यस उपमहानगरपालिका क्षेत्र भित्रका पार्किङ्ग गर्दा निजी तथा भाडाका सवारी साधनमा देहाय बमोजिम लगाईने पार्किङ्ग शुल्क ।( पथलैया क्षेत्र) | रु.१०,००,०००/- (अक्षरुपी दश लाख मात्र ।) | ३०००/- | कबोल अंकको ५% | ३० दिन भित्र |
| ३. | स्थानीय सरकार सञ्चालन ऐन,२०७४ परिच्छेद ९ दफा ६२ को उपदफा २ को (ग) बमोजिम यस उपमहानगरपालिका क्षेत्र भित्र लाग्ने अस्थाई हाट बजार वा घुम्ती पसलमा उठाईने कर ।<br>बजार क्षेत्र :- जीतपुर बजार क्षेत्र । | रु. १२,००,०००/- (अक्षरुपी रु. बाह्र लाख मात्र) | ३०००/- | कबोल अंकको ५% | ३० दिन भित्र |
| ४. | स्थानीय र सरकार सञ्चालन ऐन,२०७४ परिच्छेद ९ दफा ६२ को उपदफा २ को (ग) बमोजिम यस उपमहानगरपालिका क्षेत्र भित्र लाग्ने अस्थाई हाट बजार वा घुम्ती पसलमा उठाईने कर ।<br>बजार क्षेत्र :- सिमरा हाट बजार क्षेत्र । | रु. २,५०,०००/- (अक्षरुपी रु. दुई लाख पचास हजार मात्र) | १०००/- | कबोल अंकको ५% | ३० दिन भित्र |
| ५. | स्थानीय सरकार सञ्चालन ऐन,२०७४ परिच्छेद ९ दफा ६२ को उपदफा २ को -ग) बमोजिम यस उपमहानगरपालिका क्षेत्र भित्र लाग्ने अस्थाई हाट बजार वा घुम्ती पसलमा उठाईने कर ।<br>बजार क्षेत्र :- डुमरवाना हाट बजार क्षेत्र । | रु. ५०,०००/- (अक्षरुपी रु. पचास हजार मात्र) | १०००/- | कबोल अंकको ५% | ३० दिन भित्र |
| ६. | स्थानीय सरकार सञ्चालन ऐन,२०७४ परिच्छेद ९ दफा ६२ को उपदफा २ को -ग) बमोजिम यस उपमहानगरपालिका क्षेत्र भित्र लाग्ने अस्थाई हाट बजार वा घुम्ती पसलमा उठाईने कर ।<br>बजार क्षेत्र :- फत्तेपुर हाट बजार क्षेत्र । | रु. २५,०००/- (अक्षरुपी रु. पच्चि हजार मात्र) | १०००/- | कबोल अंकको ५% | ३० दिन भित्र |
| ७. | स्थानीय सरकार सञ्चालन ऐन परिच्छेद ९ दफा ६२ को उपदफा २ को -ग) बमोजिम यस उपमहानगरपालिका क्षेत्र भित्र लाग्ने अस्थाई हाट बजार वा घुम्ती पसलमा उठाईने कर ।<br>बजार क्षेत्र :- जैतापुर हाट बजार क्षेत्र । | रु. २,५०,०००/- (अक्षरुपी रु. दुई लाख पचास हजार मात्र) | १०००/- | कबोल अंकको ५% | ३० दिन भित्र |
| ८. | स्थानीय सरकार सञ्चालन ऐन,२०७४ परिच्छेद ९ दफा ६२ को उपदफा २ को -ग) बमोजिम यस उपमहानगरपालिका क्षेत्र भित्र लाग्ने अस्थाई हाट बजार वा घुम्ती पसलमा उठाईने कर ।<br>बजार क्षेत्र :- इनर्वासिरा हाट बजार | रु.६०,०००/- (अक्षरुपी रु. साठी हजार मात्र) | १०००/- | कबोल अंकको ५% | ३० दिन भित्र |
| ९. | स्थानीय सरकार सञ्चालन ऐन,२०७४ परिच्छेद ९ दफा ६२ उपदफा २ को -ख) बमोजिम यस उपमहानगरपालिका क्षेत्र भित्र लाग्ने फोहोरमैला व्यवस्थापन वापत उठाईने सरसफाई शुल्क ।<br>बजार क्षेत्र : अमलेखगंज क्षेत्र | रु.१०,०१,१००/- (अक्षरुपी रु. दश लाख एक हजार एक सय मात्र) | ३०००/- | कबोल अंकको ५% | ३० दिन भित्र |

... कुमार कार्की
प्रमुख प्रशासकीय अधिकृत

जीतपुरसिमरा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जीतपुर, बारा

| | | | | | |
|---|---|---|---|---|---|
| १० | स्थानीय सरकार सञ्चालन ऐन,२०७४ परिच्छेद ९ दफा ५५ बमोजिम यस उपमहानगरपालिका क्षेत्र भित्र संरचना उपयोग गरे वापत लाग्ने -पाडा भैंसी बजार) बहाल बिटौरी शुल्क ।<br>जीतपुर बजार क्षेत्र | (१५,००,०००/- अक्षरुपी रु.पन्ध्र लाख मात्र ) | ३०००/- | कबोल अंकको ५% | ३० दिन भित्र |

**शर्तहरु :**

१. बोलपत्र फाराम जीतपुरसिमरा उपमहानगरपालिका कार्यालय जीतपुर बाराबाट पछि फिर्ता नहुने गरी यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० -तिस) दिन भित्र खरिद गर्न सकिनेछ ।

२. सूचना प्रकाशित भएको मिति देखि ३१ औ दिन दिनको १२:०० बजे भित्र नेपाली नागरिक भए आफुले कबोल गरेको कुल ठेक्का अंकको ५%, विदेशी नागरिक भए १०% धरौटी रकम राष्ट्रिय बाणिज्य बैंक कलैयामा रहेको यस कार्यालयको धरौटी खाता नं. १२६०३०३००७११० मा दाखिला गरेको सक्कल भौचर संलग्न गरी उ.म.न.पा.को कार्यालय जीतपुर बारामा बोलपत्र पेश गर्न सकिने छ । धरौटी बापत नगद संलग्न गरेकालाई मान्यता दिईने छैन ।

३. यसरी पर्न आएका बोलपत्रहरु सोही दिनको २ बजे यस उ.म.न.पा. कार्यालय जीतपुर बारामा बोलपत्रदाता वा निजहरुको प्रतिनिधिको रोहवरमा खोलिनेछ । सो समयमा बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । बोलपत्र खरिद दर्ता र खोलिने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा लगतै कार्यालय खुलेको दिनमा उक्त कार्यहरु गरिनेछ ।

ठेक्का अवधि मिति २०७५ श्रावण देखि २०७६ आषाढ मसान्तसम्म हुनेछ ।

**नोट :- ठेक्का नं. ७ , ८ , ९ को बोलपत्र फाराम सम्बन्धित वडा कार्यालयबाट प्राप्त गर्न सकिनेछ । साथै बोलपत्र सम्बन्धी विस्तृत विवरण तथा शर्तहरु उ.म.न.पा को सुचना पाटी र वेभसाईटमा हेर्न सकिनेछ ।**

शिव कुमार कार्की
प्रमुख प्रशासकीय अधिकृत

जीतपुरसिमरा उपमहानगरपालिकाको
नगर कार्यपालिकाको कार्यालय
जीतपुर, बारा
२ नं. प्रदेश, नेपाल

**शर्तहरु :**

१. बोलपत्र फाराम जीतपुरसिमरा उपमहानगरपालिका कार्यालय जीतपुर बाराबाट पछि फिर्ता नहुने गरी यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० -तिस) दिन भित्र खरिद गर्न सकिनेछ ।

२. सूचना प्रकाशित भएको मिति देखि ३१ औ दिन दिनको १२:०० बजे भित्र नेपाली नागरिक भए आफुले कबोल गरेको कुल ठेक्का अंकको ५%, विदेशी नागरिक भए १०% धरौटी रकम राष्ट्रिय वाणिज्य बैंक कलैयामा रहेको यस कार्यालयको धरौटी खाता नं. १२६०३०३००७११० मा दाखिला गरेको सक्कल भौचर संलग्न गरी उ.म.न.पा.को कार्यालय जीतपुर बारामा बोलपत्र पेश गर्न सकिने छ । धरौटी बापत नगद संलग्न गरेकालाई मान्यता दिईने छैन ।

३. यसरी पर्न आएका बोलपत्रहरु सोही दिनको २ बजे यस उ.म.न.पा. कार्यालय जीतपुर बारामा बोलपत्रदाता वा निजहरुको प्रतिनिधिको रोहवरमा खोलिनेछ । सो समयमा बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । बोलपत्र खरिद दर्ता र खोलिने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा लगतै कार्यालय खुलेको दिनमा उक्त कार्यहरु गरिनेछ ।

४. ठेक्का अवधि मिति २०७५ श्रावण देखि २०७६ आषाढ मसान्तसम्म हुनेछ ।

५. बोलपत्र फाराम भर्दा आफूले कबोल गरेको रकम अंक र अक्षर दुबैमा स्पष्ट हुने गरी उल्लेख भएको हुनु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ । आफूले कबोल गरेको रकम अंक मूल्य अभिवृद्धि कर वाहेकको हुनेछ ।

६. बोलपत्र स्वीकृति भए पछि सूचना पाएको वा टाँस भएको मितिले ७ (सात) दिन भित्र नियमानुसार आयकर/मू.अ.कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि साथै लिई सम्झौध ागर्न यस कार्यालयमा आउनु पर्ने छ । सो अवधि भित्र सम्झौता गरी पट्टा नउठाएमा धरौटी रकम जफत गरिनेछ र दोश्रो बोलपत्रदाताको बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा पुनः बोलपत्र आव्हान गर्ने वा नगर्ने अधिकार नियमानुसार उ.म.न.पा.को कार्यालय जीतपुर बारामा सुरक्षित रहने छ ।

७. ठेकेदारले कबोल गरेको कुल रकम ३ (तिन) किस्तामा बुझाउनु पर्नेछ । पहिलो किस्ता आफुले कबोल गरेको कुल ठेक्का रकमको ५० प्रतिशत रकम सम्झौघ ागर्ने समयमा नै बुझाउनु पर्नेछ । त्यस पछिको बाँकी ५० प्रतिशत रकम बराबर भाग लगाई २ (दुई) किस्तामा बुझाउनु पर्नेछ । सो २ (दुई) किस्ता बापतको प्रथम किस्ता रकम ०७५ पौष मसान्त भित्र, दोश्रो किस्ता वापतको रकम ०७५ चैत्र मसान्त भित्र बुझाउनु पर्नेछ ।

८. सम्झौताको समयमा ठेक्कामा उल्लेख भए अनुसारको सम्पूर्ण रकम एकमुष्ट बुझाएमा ठेक्का अंकको १०% रकम छुट दिइनेछ ।

९. ठेक्केदारले सम्झौता गर्दा पहिलो किस्ता बाहेक बुझाउन बाँकी ५० प्रतिशत रकमको २०७६ आषाढ मसान्तसम्म अवधि भएको र यस कार्यालयको नाममा ठेक्केदारको तर्फबाट मात्र जारी गरिएको बैंक जमानत -परफरमेन्स बण्ड) पेश गरे पछि मात्र ठेक्का सम्झौता गरी स्थायी चलन पूर्जि दिइनेछ ।

१०. ठेकेदारले नियमानुसारको आयकर तथा मुल्य अभिवृद्धि कर आफैले आन्तरिक राजस्व कार्यालयमा बुझाउनु पर्ने छ । सो बाहेक पनि नेपाल सरकार वा स्थानीय निकायलाई प्रचलित ऐन नियमानुसार बुझाउने पर्ने अन्य कर, दस्तुर, शुल्क आदि सवै ठेकेदार स्वयंले सम्बन्धित कार्यालयमा बुझाउनु पर्नेछ । ठेक्का रकमबाट कटाउन पाइने छैन ।

११. नेपाल सरकार तथा यस कार्यालयले समय समयमा दिने नीति, निर्देशन तथा आदेशको पालना गर्ने ठेकेदारको कर्तव्य हुनेछ ।

१२. बन्द हडताल, चक्काजाम लगायत अन्य मानव सृजित कारणबाट सृजना हुने अवस्थाको कारण कर छुट वा मिनाहा दिन नसकिने हुँदा कबोल अंकमा कुनै किसिमको छुट वा मिनाहा दिइने छैन । साथै कर छुट वा मिनाहा पाइने छैन ।

१३. शुल्क उठाउने रसिदहरु ठेक्काको शिर्षक अनुसार छुटाछुट्टै ३/३ प्रतिवाला रसिद ठेकेदारले आफनै तर्फबाट छपाई कार्यालय प्रमुखबाट प्रमाणित गराई कार्यालयको छाप लगाई कार्यालयमा रसिद नं. अभिलेख गराई मात्र कर दस्तुर उठाउन प्रयोगमा ल्याउनु पर्नेछ ।

१४. कुनै कारण जनाई वा नजनाई ठेक्का स्वीकृत गर्ने, आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने तथा अन्य व्यवस्घ ागर्ने सम्पूर्ण अधिकार यस न.पा.मा सुरक्षित रहने छ । बढाबढ गर्दा बढाबढ गर्ने दाताको तर्फबाट कुनै किसिमको शर्त मान्य हुने छैन । शर्त सहितको बढावढलाई बदर मानिने छ ।

१५. ठेक्काका सम्बन्धमा कुनै किसिमको विवादको स्थिति सृजना भएमा वा यस कार्यालय तथा ठेकेदार विच कुनै विवाद उत्पन्न भएमा प्रचलित ऐन, कानून नियमको परिधि भित्र रही नगरपालिकाले गरेको निर्णय अन्तिम हुनेछ ।

१६. सम्झौता र चलनपुर्जिमा उल्लेख भएका मालवस्तु र दर रेटको प्रतिकुल हुने गरी कर दस्तुर शुल्क लिन पाइने छैन । बढी लिएको प्रमाण पेश हुन आएमा तोकिएको दरमा चार गुणा जरिवाना गरिने र उजुरी कर्तालाई जरिवाना रकमको ५० प्रतिशतको रकम दिइनेछ । कुनै पनि सवारी साधन तोकिएको कर नतिरी झुक्याई भागेमा सवारी साधनलाई तोकिएको करको दोब्बर जरिवाना गरिने छ ।

१७. तोकिएको समयमा तोकिएको किस्ता रकम नबुझाएमा १०% का दरले व्याज सहित थप गरी असुल उपर गरिनेछ । सो समयसम्म पनि किस्ता रकम नबुझाएमा पेश गरिएको परफरमेन्स बण्डबाट -ग्यारेन्टीबाट) सम्झौता अनुसारको बोलकबोल रकम तोकिएको व्याज समेत असुल उपर गरिने छ । सो मा ठेकेदारले कुनै किसिमको हर्जाना दावी गर्न पाउने छैन ।

१८. सम्मानित अदालत, नेपाल सरकार, उ.म.न.पा.को निर्देशनको पालना गर्नु गराउनु र लागू गर्नु बोलकबोलदाताको कर्तव्य एवं दायित्व हुने छ । नीति निर्देशन वा आदेशको पालनाको कारणबाट कुनै क्षति हानी नोक्सानी हुन गएमा क्षतिपुर्तिको दावी ठेकेदारले नं.पा.सँग माग गर्न पाउने छैन ।

१९. ठेकेदारले उठाउने कर यस कार्यालयद्वारा तोकिएको उत्पादन स्थल वा तोकिएको संकलन केन्द्रमा मात्र उठाउनु पर्नेछ । राष्ट्रिय राजमार्ग र सहायक राजमार्गमा ढाट राखी कर उठाउन पाइने छैन । कर संकलन सम्बन्धि सूचना पाटी अनिवार्य रुपमा ठेकेदारले लेखेर संकलन केन्द्रहरुमा राख्नु पर्नेछ ।

२०. यस सूचना प्रकाशित बाहेक अन्य समय र स्थानमा उपस्थित भएमा सोलाई मान्यता दिइने छैन ।

शिव कुमार कार्की
प्रमुख प्रशासकीय अधिकृत

२१. ठेक्का नं. ३ को हकमा जीतपुर बजार क्षेत्र अन्तर्गत हाईव रोडमा राखेको फुटपात पसलबाट कर उठाउन पाइनेछैन । पसल राख्न लगाई कर उठाइएको पाइएमा उठाइएको करको दोब्बर जरिवाना गरिनेछ, । फुटपातमा राखेको पसल हटाउनलाई ठेकेदारले आवश्यक सहयोग गर्नुपर्ने छ ।

२२. यसमा उल्लेख भएका कुराहरुको हकमा सोही बमोजिम र उल्लेख नभएका कुराहरुको हकमा स्थानीय सरकार सन्चालन ऐन २०७४ परिच्छेद ९ एवं प्रचलित कानुन बमोजिम हुनेछ ।

२३. बोलपत्र सम्बन्धि दर रेट अन्य शर्त तथा विस्तृत जानकारीको लागि कार्यालयको सूचना पाटीमा हेर्नु हुन वा कार्यालय समय भित्र यस कार्यालयको राजस्व शाखामा सम्पर्क राख्नु हुन सम्बन्धित सबैलाई जानकारी गराईन्छ । साथै कुन कुन मालवस्तुमा के कति दरमा कर शुल्क लिन पाउने भन्ने बारेको विस्तृत विवरण प्रकाशित सूचनासाथ संलग्न गरिएको छ ।

**नोट :- ठेक्का नं. ७ , ८ , ९ को बोलपत्र फाराम सम्बन्धित वडा कार्यालयबाट प्राप्त गर्न सकिनेछ । साथै बोलपत्र सम्बन्धी विस्तृत विवरण तथा शर्तहरु उ.म.न.पा को सुचना पाटी र वेभसाईटमा हेर्न सकिनेछ ।**

शिव कुमार कार्की
प्रमुख प्रशासकीय अधिकृत